# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रुकुम (पश्चिम )
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८


मितिः २०७६/०२/२१

पत्र संख्याः२०७५/०७६ (सू.अ.व्य.केन्द्र)

चलानी नम्बरः ...............

## *मदिरामुक्त नगरपालिका घोषणा कार्यक्रम हुने सम्बन्धी अत्यन्त जरुरी सूचना*

**(प्रकाशित मितिः २०७६/०२/२१ गते)**

आठविसकोट नगरपालिकाका १४ वटै वडाहरुमा मदिरा आयात, विक्रि वितरण र सेवन गर्न सम्मानित सर्वोच्च अदालतको अन्तरिम आदेश र जिल्ला समन्वय समितिको आयोजनामा भएको सर्वदलिय र सर्वपक्षीय बैठकको निर्णयानुसार यस अघि नै निषेध गरिसकिएको छ । हाल नगरपालिकाका विभिन्न वडाहरुले मदिरामुक्त वडा घोषणालाई अभियानको रुपमा अगाडी बढाई रहेका छन् । इलाका प्रहरी कार्यालय एवम् सशस्त्र प्रहरी बल समेतको सहयोगमा मदिरा आयात गर्ने विक्रि वितरण गर्ने कार्य गरेको पाईएमा त्यस्तो मदिरा जफत गरी नष्ट गर्ने र मदिरा सेवन गरेको पाईएमा सेवन गर्ने व्यक्ति तथा मदिरा आयात र विक्रि वितरण गर्ने व्यक्तिहरुलाई दश हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना गर्ने गरिएको छ । आठविसकोट नगरपालिकालाई औपचारिक रुपमा विधिवद् ढङ्गले यही २०७६ असार ६ गते भव्य रुपमा मदिरामुक्त नगरपालिका घोषणा गर्ने र सोही अवसरमा तपसिलका कार्यक्रमहरु आयोजना गरिने भएकोले सबैको जानकारीको लागि अनुरोध छ । साथै यसै सूचनालाई आधार मानि यस महान् अभियानमा १४ वटै वडाका वडा अध्यक्ष ज्यूहरु, वडा सदस्य एवम् नगर कार्यापलिका सदस्यहरु, सुरक्षा निकाय, पत्रकार, शिक्षक ,कर्मचारी ,विद्यार्थी, सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरु, आमा समूह, महिला समूह, सहकारी संस्थाका प्रतिनिधिहरु, विभिन्न लक्षित वर्गसँग सम्बन्धित अभियान्ताहरु लगायत सम्पूर्ण नगरवासीहरु उपस्थित भईदिनुहुन सादर अनुरोध गरिन्छ ।

### *तपसिल*

| क्र.स. | कार्यक्रमको विवरण | स्थान | समय | कैफियत |
|---|---|---|---|---|
| १. | माध्यमिक विद्यालय स्तरिय लोक नृत्य प्रतियोगिता | आठविसकोट नगरपालिका कार्यालय | २०७६ असार ६ गते विहान ठीक १० बजेदेखि | पुरुस्कार (कर कट्टी नहुने गरी)<br>प्रथम रु ५,०००।००<br>द्धितिय रु ४,०००।००<br>तृतिय रु ३,०००।००<br>प्रति सहभागि विद्यालय वडा नं. १, २ र ३ को हकमा रु ५,०००।००, वडा नं. ४, ५, ६, १३ र १४ को हकमा रु ४,०००।०० र वडा नं. ७ देखि १२ को हकमा रु ३,०००।०० |

# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रुकुम (पश्चिम )
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८

मितिः २०७६/०२/२१

पत्र संख्याः२०७५/०७६ (सू.अ.व्य.केन्द्र)

चलानी नम्बर ...............

| क्र.स. | कार्यक्रमको विवरण | स्थान | समय | कैफियत |
|---|---|---|---|---|
| २. | विभिन्न वडाबाट आएका झाँकी प्रदर्शन | | | सहभागिहरुलाई वडा नं. १, २ र ३ को हकमा रु ६,०००।००, वडा नं. ४, ५, ६, १३ र १४ को हकमा रु ५,०००।०० र वडा नं. ७ देखि १२ को हकमा रु ४,०००।०० को दरले सहभागि खर्च उपलब्ध गराईने र प्रति वडा एक झाँकीमात्र प्रदर्शन गर्न पाईने । |
| ३. | मदिरामुक्त नगरपालिका घोषणामा विशेष योगदान पुऱ्याउनु हुने महान् व्यक्तित्वहरुलाई सम्मान कार्यक्रम | | | सम्मानपत्र तथा जनही दुई/दुई हजार रुपैयाँ पुरस्कार |

**द्रष्टव्य** :१. मदिरामुक्त नगरपालिका घोषणामा विशेष योगदान पुऱ्याउने महान् व्यक्तित्वहरुको सिफारिस वडास्तरको हकमा सम्बन्धित वडा कार्यालय र नगरपालिकाको हकमा नगर कार्यपालिकाले गर्नुपर्नेछ ।
२. मदिरामुक्त घोषणा कार्यक्रममा ख्याति प्राप्त व्यक्तित्वहरुको सहभागिता रहनेछ ।

**रामबहादुर के.सी.**
**नि. प्रमुख प्रशासकीय अधिकृत**
नि.प्रमुख प्रशासकीय अधिकृत